- न्यानो
कपडा लगाऔं,
- घाम वा आगो
तापौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ ०२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 16 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १४१

## वीरगंज र जीराभवानीमा माघी महोत्सव भएन

ओमप्रकाश चौधरी, सेढवा, १ माघ/

आदिवासी जनजाति थारू समुदायको माघी पर्व तथा थारू संवत् २६४६ पर्सा जिल्लाको केही ठाउँमा धुमधामका साथ मनाइयो भने केही ठाउँमा प्रशासनिक हस्तक्षेपको कारण हुन सकेन ।



वीरगंजमा डेढ दशकदेखि हुँदै आएको माघी महोत्सव प्रशासनले कोरोना सङ्क्रमण बढिरहेको र भीडभाड बढी हुने भएकोले रोक लगायो। स्वीमिङ पुलमा हुँदै आएको महोत्सव यस वर्ष अन्तिम चरणमा रोकिएको हो ।

स्वीमिङ पुलमा महोत्सव रोकिएपनि पर्सा जिल्लाको केही स्थानमा भने महोत्सव सम्पन्न भएको छ ।

जीराभवानी गाउँपालिका-४ सुपौलीको खेल मैदानमा चौथो जीराभवानी माघी खिचडी महोत्सव सम्पन्न भयो। वडा अध्यक्ष सुभाषराउत थारूको अध्यक्षतामा भएको महोत्सवको संविधानसभा सदस्य जयप्रकाश थारूले उद्घाटन गरेका थिए ।

कार्यक्रममा विभिन्न विद्यालयका छात्राहरूले थारू नृत्य प्रस्तुत गरेका थिए।


तस्वीरः प्रतीक









महोत्सव उद्घाटन समारोहमा गापा अध्यक्ष रामप्रीत महतो, उपाध्यक्ष उषादेवी थरूनी, वडाध्यक्ष महादेवमहतो थारू, प्रअ रामाशङ्कर चौधरी, जितेन्द्रप्रसाद गौरो, दिनानाथ प्रसादलगायतले शुभकामना व्यक्त गरेका थिए ।

यसैगरी पटेर्वासुगौली गापा-४ सुगौली, सखुवापरसौनीको खेल मैदान, पर्सागढी नगरपालिकाको बढनियार खेल मैदानमा दोस्रो माघी खिचडी महोत्सव सम्पन्न भएको छ ।

महोत्सवमा थारू समुदायको खानाको परिकारहरूको स्टल राखिएको थियो ।

**महोत्सवमा भीड**

कोभिड सङ्क्रमण बढिरहेको भन्दै जिल्ला विपद् व्यवस्थापन समितिले २५ जनाभन्दा बढी मानिस भेला भएर सभा–समारोह नगर्न निर्देशन जारी गरेपनि महोत्सवमा खचाखच भीड थियो ।

स्वास्थ्य तथा सुरक्षा मापदण्ड पनि महोत्सवमा पालना गरिएको थिएन । संस्थाले सङ्क्रमण नफैलियोस् भनेर मास्क र सेनेटाइजरको व्यवस्था गरे पनि भीडभाडको कारण सबैले त्यसको प्रयोग गर्न सकेका थिएनन् ।

प्रहरीले पनि भीडभाडलाई नियन्त्रण गर्न सकेको थिएन ।

**प्रस, बिरुवागुठी/**

पर्सागढी नगरपालिकामा थारू समुदायले माघी महोत्सव धुमधामका साथ मनाए ।

नगर उपप्रमुख अर्चना चौधरीले महोत्सवको उद्घाटन गरेकी थिइन्। उनले थारू समदायले आफ्नो पहिचान गुमाउन नहुने भन्दै वेशभूषा, भाषा र संस्कृतिको जगेर्ना गर्न सबैलाई आह्वान गरिन् ।

उपप्रमुख चौधरीले महोत्सवबाट छोरीलाई पनि शिक्षा दिन थारू समुदायलाई आग्रह गरिन् । छोरीले शिक्षा पाएको खण्डमा समाज अगाडि बढ्न सक्ने उनले बताइन्।

थारू कल्याणकारी सभा नगर मूल समारोह समितिका अध्यक्ष जङ्गबहादुरदास थारूको अध्यक्षतामा भएको कार्यक्रममा थारू कल्याणसभाका केन्द्रीय सदस्य बृजमोहन चौधरी, मनोज चौधरी, रामबहादुर चौधरी, शेख खुर्शिद, बिन्दा चौधरी, देवपूजन गौरो, वेदमानदास थारूलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्वागत कमल चौधरीले र सहजीकरण जोगिन्द्र चौधरीले गरेका थिए ।

### दुई ठाउँको महोत्सव स्थगित

वीरगंजसँगै जीराभवानी गाउँपालिका-१ मा हुने महोत्सव स्थगित भएको थियो ।

शुक्रवार दिउँसो माघी महोत्सवका अध्यक्ष मनोज चौधरीले पत्रकार सम्मेलन गरेर सम्पूर्ण तयारी भएको बताएपनि प्रशासनले अनुमति नदिंदा महोत्सव स्थगित गर्नुपरेको अध्यक्ष चौधरीले बताए। जीराभवानी गाउँपालिकामा पनि आन्तरिक विवादको कारण महोत्सव स्थगित भयो। महोत्सवमा प्रमुख अतिथि बनाउने विषयमा आयोजक संस्थाबीच मतमतान्तर भएपछि महोत्सव नै स्थगित भएको थियो ।

नेपाली काङ्ग्रेस र नेकपा एमालेको नेतालाई प्रमुख अतिथि बनाउने विषयमा मत नमिलेपछि महोत्सव स्थगित गरिएको हो ।

## श्रेष्ठ र भण्डारीलाई गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कार प्रदान

प्रस, वीरगंज, १ माघ/

गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कार वितरण भएको छ ।




नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाको सभाहलमा नगरप्रमुख विजयकुमार सरावगीले गोपालगिरी क्रियाशील पत्रकारिता पुरस्कार २०७७ प्रतीक दैनिकका सम्पादक प्रताप श्रेष्ठ र २०७८ को पुरस्कार राजधानी दैनिकका संवाददाता तुलसी (विजय) भण्डारीलाई प्रदान गरेका थिए ।

२५ हजार राशिको पुरस्कारबाट दुवै पत्रकारलाई पुरस्कृत गर्दै नगरप्रमुख सरावगीले वीरगंजको पत्रकारिताको विकासको लागि महानगरपालिकाले सधैं सहयोग गर्ने प्रतिबद्धता जाहिर गरे ।

उनले तत्काल महासङ्घलाई पत्रकारिता क्षेत्रको विकासको लागि आवश्यक उपकरण र भौतिक संरचना निर्माणको लागि सहयोग गर्ने आश्वासन पनि दिए ।

नगरप्रमुख सरावगीले स्व. गिरी तत्कालीन नगरप्रमुखसमेत भएकोले उनको स्मृतिमा आवश्यक कार्य गर्नको लागि पत्रकारहरूसँग छलफल गर्ने बताए। उनले तत्काल विपी उद्यानको एक भागमा स्व. गिरीको शालिक स्थापना गर्ने बताए।

विपी उद्यानमा चार भागमा विभाजित गरेर नयाँ संरचना तयार भइरहेको र त्यहीं एक स्थानमा स्व. गिरीको शालिक निर्माण गर्ने बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले सङ्घ पत्रकारहरूसँग सहकार्य गरेर अगाडि बढ्ने बताए। असल पत्रकारिताको लागि सङ्घले निरन्तर सहयोग गर्ने आश्वासन दिए ।

नेपाल पत्रकार महासङ्घ प्रदेश २ का महासचिव श्याम बञ्जाराले स्व गिरी नगरप्रमुखसमेत भएको कारण नगरपालिकाले उनको स्मरणमा प्रतिष्ठान गठन गर्नुपर्ने सुझाए ।

स्व. गिरीका छोरा गिरीश गिरीले १८ वर्षदेखि पिताको सम्झनामा नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाले पुरस्कार स्थापना गरी पुरस्कार वितरण गर्दै आएकोमा खुशी व्यक्त गरे । उनले आफ्ना पिता पत्रकारितासँगै समाजसेवा र राजनीतिमा पनि सक्रिय भएकोले उनका कामहरूको मूल्याङ्कन हुनुपर्ने बताए। नेपाल पत्रकार महासङ्घ, पर्सा

(बाँकी अन्तिम पातामा)

## रिलिफमा पितृदेव आत्मशान्ति कार्यक्रम

प्रस, वीरगंज, १ माघ/

रिलिफ सोसाइटी अफ कमर्सले मकर सङ्क्रान्तिको अवसरमा आदर्शनगर श्रीसियास्थित रिलिफ सोसाइटी भवनमा शनिवार पितृदेव आत्मशान्ति कार्यक्रम सम्पन्न गरेको छ ।

रिलिफका अध्यक्ष योगेन्द्रप्रसाद यादवको संयोजकत्व एवं पूर्व अध्यक्ष अशोक लाठको सहजीकरणमा सम्पन्न कार्यक्रममा रिलिफ परिवारका पूर्वजहरूको स्मृति तथा पितृदेव आत्मशान्तिका लागि पूजापाठ गरिएको थियो ।

सो अवसरमा आचार्य सतेन्द्र मिश्रले गीता पाठ गरेका थिए । कार्यक्रममा विभिन्न मठमन्दिरका आमन्त्रित गुरु, पुरोहित, पुजारी, पण्डित, योगी, साधुसन्तसमेत ४८ जनालाई दक्षिणा, कपडा साथै धार्मिक पुस्तक प्रदान गरी प्रसाद वितरण गरिएको थियो ।

पितृदेव आत्मशान्ति कार्यक्रममा पशुपति विक्रम शाह, नारायण रूँगटा, राजेश सर्राफ, अवधेशकुमार गुप्तालगायत रिलिफ सोसाइटीमा आबद्ध सदस्य शुभेच्छुक तथा सहयोगीहरूले पितृदेवहरूको आत्माको शान्तिको कामना गरेका थिए।

## रौतहटको मौलापुरमा दलित बस्तीको उद्घाटन

प्रस, गरुडा, १ माघ/

रौतहटको मौलापुर नगरपालिकाले निर्माण गरेको मर्यादपुर एकीकृत दलित बस्तीको एक समारोहबीच नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले उद्घाटन गरेका छन् ।


तस्वीरः प्रतीक

मौलापुर नगरपालिकाद्वारा निर्मित नगर गौरव आयोजनाको रूपमा रहेको मर्यादपुर एकीकृत दलित बस्तीको शनिवार उद्घाटन गर्दै नेता ज्ञवालीले दलित बस्ती निर्माण एउटा नमूनाको काम भएको बताएका छन् ।



उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै एमाले स्थायी समिति सदस्य तथा विकासवादी नेता प्रभु साहले मर्यादपुर दलित बस्ती देशकै लागि एउटा नमूना कार्यक्रम भएको बताएका छन् । जनताबाट कुनै पनि कर नलिने मौलापुर नगरपालिकाले इच्छुक सबै घरपरिवारलाई ग्याँस चुलो र सिलिन्डरसहितको पूजा सेट नै उपलब्ध

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**मान्छे रुपैयाँ, पैसाको लागि कति रुन्छन् तर भगवानको लागि कसैले एक थोपा आँसु पनि चुहाउँछन् ? उसके लागि रोऊ, आँसु बगाऊ, तब मात्र उसलाई पाउँछौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# ज्ञानको मूल्य

सामर्थ्यको मूल्यबाट नै सुविधा पाइन्छ। मैट्रिक पास गर्नेलाई १७५, बिए पास गर्नेलाई ५ सय, एमए गर्नेलाई ६ सय रुपियाँ र इन्जिनीयरलाई ७ सय रुपियाँ पाइन्छ। चिकित्सकलाई ८ सयर अन्य कसैले ९ सय अथवा १ हजार रुपियाँ पाउँछन् । यो के हो- यो हो ताकतको मूल्य, ज्ञानको मूल्य। आजभोलि एकजना मजदूरलाई ४ देखि ७ सय रुपियाँ दिइन्छ। यो उसको शारीरिक क्षमताको हिसाबले दिइन्छ ।

**वैज्ञानिक, दार्शनिक के गर्छन् ? शास्त्रकार, कलाकार के गर्छन् ? उनीहरू एउटा काम गर्छन्– आफ्नो विचारको शक्तिलाई निग्रह गर्छन् र खास काममा लगाउँछन् । एउटा काममा तल्लीन विचार कहाँबाट कहाँ पुग्छ !**

क्षमताको मूल्य सम्पदा हो । यदि तपाईंको इन्द्रियको क्षमता सुरक्षित छ भने तपाईंले भौतिक जीवनमा सफलता पाउनुहुन्छ । यदि आफ्नो इन्द्रिय क्षमतालाई कमजोर बनाउनुहुन्छ, नष्ट–भ्रष्ट गर्नुहुन्छ अथवा ताकत कमजोर हुन्छ भने तपाईं बूढो हुनुहुन्छ र बुढेसकालमा तपाईंको विवाह गरिदिन्छन् भने तपाईं छिमेकीसँग अनुरोध गर्नुहुन्छ–मेरी पत्नीको हेरचाह गर्नु ।

पैसाको सुरक्षा गर्न सक्नुहुन्छ तर पैसाको सुरक्षा गर्ने ताकत तपाईंमा हुँदैन। यसैले म भन्छु पैसाले तपाईंको जीवनमा ग्रहण लगाइदिन्छ। सुरक्षाको इन्तजाम छ ? छैन। त्यसो भए त्यो ठूलो समस्या हो। यदि ठूलो लाटरी लाग्यो र लाखौं पायौ, के सुरक्षा गार्ड छ ? छैन भने त कसैले ज्यान मारेर सम्पत्ति खोस्न सक्छ।किनकि सुरक्षाको इन्तजाम छैन। अनि सम्पत्तिको फाइदा कसरी लिन सकिन्छ। त्यसैले शक्ति चाहिन्छ। शक्ति जसलाई हामी तपश्चर्या भन्छौं। तपको बाटो अप्ठ्यारो हुन्छ र त्यस अप्ठ्यारोको नाम हो– तप । अप्ठ्यारोमा नै तप गर्नुपर्छ।

तपको जुन अभ्यास बनाइन्छ, त्यसलाई रोक्छौं, अस्वीकार गर्छौं भने हाम्रो इन्द्रिय हामीसँग खुशी रहँदैन र हामीमाथि दबाब बनाउँछ, तिमीले यस्तो गर्नुहुँदैन। हामी आफैंसँग लड्नुपर्छ किनभने हाम्रो इन्द्रिय जुन पहिलेदेखि नै अभ्यस्त छ, उसले भन्छ, यही वस्तु खान्छौं, अर्को खाँदैनौं। अन्यथा इन्द्रिय रिसाउँछ, दु:खी हुन्छ। यही अप्ठ्यारो भोग्नुको नाम हो –तप

**उच्च उद्देश्यको लागि हुन्छ तप**

कुनै उच्च उद्देश्यको पूर्तिका लागि इच्छापूर्वक कठिनाईलाई निमन्त्रण दिनुको नाम तप हो। एउटा कठिनाई आउँछ, जुन तपाईंको कर्मको फलस्वरूप हुन्छ, जस्तै कुनै बेला तपाईं बिरामी पर्नुहुन्छ। हरेक मान्छेको जिन्दगीमा थुप्रै समस्या आउँछ। राम्रा–नराम्रा सबै व्यक्तिको जीवनमा समस्या आउँछ। पाण्डवमाथि पनि आएको थियो। रामचन्द्रजी पनि वनवास गए। यो समस्या सांसारिक कारणबाट आउँछ, यसलाई हामीमाथि कसैले थोपर्न सक्दैन। एउटा अप्ठ्यारो त्यो हुन्छ जुन इच्छानुसार निम्त्याइन्छ। यसअप्ठ्यारोलाई भोज भन्छौं, निमन्त्रण भन्छौं कि आऊ म तिम्रो स्वागत गर्छु। हामी उच्च उद्देश्यका लागि दु:ख– अप्ठ्यारो बेहोर्छौं। तपस्वीको परिभाषा यो हो कि कुनै उच्च आदर्शको लागि, उच्च आदर्शका लागि जब मानिस थाहा पाएर पनि कठिनाईलाई निमन्त्रित गर्छ, त्यसको नाम तप हो। तप गर्नुको सम्बन्ध इन्द्रिय–खानपानसँग पनि हुन्छ ।

मलाई आफ्नी आमाको तपश्चर्याको सम्झना आउँछ। उनी एकादशीका दिन उपवास बस्थिन् । मरणपूर्वसम्म एकादशीको दिन केही खाइनन्। केवल पानी पिउँथिन् । अर्को दिन खाना खान्थिन्। दिनभरिको उसको जति खान्की थियो, त्यस परिमाणमा पीठो, दाल, चिनी, घ्यू, चामल निकालेर मन्दिरमा दान दिन पठाउँथिन्। मन्दिरका पुजारीले एउटा टोकन अर्थात् प्रसादको लड्डु दिन्थे। त्यो ल्याएर म आमालाई दिन्थें। उनी त्यो टोकन (लड्डु) सबैलाई बाँड्थिन् । आफूले पनि प्रसाद खान्थिन् र खाना खान्थिन्। यो के हो ? यो तप हो ।

तप केलाई भनिन्छ ? स्वयं समस्या मोल्नुलाई । हामी समस्या किन मोल लिन्छौं ? किनकि हाम्रो यस कष्टबाट जे वस्तु उब्रिन्छ, त्यसलाई कुनै राम्रो काममा लगाउनु छ। तपाईंले कहिल्यै एकादशीको उपवास गर्नुभएको छ ? यसबाट के बचत हुन्छ ? बचत होइन बरु खर्च बढी हुन्छ। स्याउ, केरा, फलफूल जति खानुहुन्छ त्यसमा खर्च हुन्छ । उपवास गरेर जे जोगायौं, त्यो राम्रो काममा लगाउनुपर्छ। उपवासको पछाडि केही उद्देश्य लुकेको हुनुपर्छ। कुनै आदर्श, सिद्धान्त छैन, केवल चिह्नपूजा छ भने त्यो उपवास ढोंग हो। त्यस पछाडि कुनै दर्शन हुँदैन। दर्शन हाम्री आमासँग थियो। त्यसैले कठिनाई सहेर जे जोगिन्छ–समय, पैसा वा श्रम त्यसलाई श्रेष्ठ काममा लगाउनुपर्छ।

**श्रेष्ठताको लागि कठिनाई सहनु हो– तप**

श्रेष्ठ कामको लागि कठिनाई सहन गर्नुको नाम तप हो। गङ्गाको पानीमा नुहाएर वैकुण्ठ जाने सोच्दै हुनुहुन्छ भने यो भगवान्‌लाई ब्लैकमेल गरेजस्तो हो। भगवानमाथि दबाब नबनाउनुस्, भगवानलाई बदनाम नगर्नुस्।

हाम्रो गाउँमा पहिले कंजड (नेटुवा) आउँथे परिवारसहित । उनीहरू हातमा इँटा, ढुङ्गा लिएका हुन्थे र भन्थे पाँच किलो अन्न दिनुस् । कतै बसेर आधा गाउँलेसँग अन्न माग्थे । आधा किलो होइन पाँच किलो दिनुस् भन्दै उनीहरू आफ्नै पत्नी र बालबच्चालाई कुट्न थाल्थे। बच्चाहरू रुन्थे कराउँथे, यस्तो हाहाकार मचाउँथे कि सम्पूर्ण गाउँ जम्मा हुन्थ्यो। पाँच किलो अन्न दिन लगाउनुस् नत्र म बच्चालाई मारिदिन्छु । यस्तो कर्म ब्ल्याकमेलिङ हो, तप होइन।

**सिद्धान्तको लागि कष्ट उठाउनु हो– तप**

समयको सम्पूर्ण भाग आफ्नो लागि नराख्नुस् । समयको निर्धारण गर्नुस् । समय पनि भगवानको भाग हो। समाज, देश र धर्मका लागि समय खर्चनुस् । समय बचाएर राख्नुस्। मनोयोगको पनि बचाउ गर्नुस् । मनलाई रोक्नु पनि तप हो । हामी योगाभ्यास गर्छौं–गराउँछौं, त्यसमा ध्यानयोग क्रिया पनि सम्मिलित हुन्छ। यसलाई मनोयोग भनिन्छ। मनलाई रोक्नु पनि एउटा तप हो । मन कहाँ–कहाँ पुग्छ। आवारा मन। हिजो सिनेमा हेर्न गएका थियौ, रातभरि मनमा यही ख्याल आयो, हेमामालिनीसँग बिहे भएको भए कति राम्रो हुन्थ्यो। बिहे त भएन, तर बजारबाट उसको एउटा फोटो किनेर ल्यायौ। चित्रलाई कोठामा झुन्ड्यायौ। उसको जन्मदिनमा एउटा कार्ड पठाउँछौ र अटोग्राफ माग्छौ। अटोग्राफ पाएर के गर्छौ ? हाम्रो मनले यस्तै भन्छ । हामी नोकरी गर्छौं, अढाई सय रुपियाँ पाउँछौं, त्यो अढाई सय रुपियाँ हेमा मालिनीको एक दिनको खर्च हो। यति खर्चमा हामी के खान्छौं र ख्वाउँछौं। आवारा मनलाई सम्हाल, नचाहिंदो विचार, फोहर विचार, जसको न कुनै सङ्गति छ, न कुनै क्रम, न व्यवस्था । विचारलाई कुनै काममा लगाउनुपर्छ, क्रमबद्ध गर्नुपर्छ।

वैज्ञानिक, दार्शनिक के गर्छन् ? शास्त्रकार, कलाकार के गर्छन्? उनीहरू एउटा काम गर्छन्– आफ्नो विचारको शक्तिलाई निग्रह गर्छन् र खास काममा लगाउँछन्। एउटा काममा तल्लीन विचार कहाँबाट कहाँ पुग्छ। कालिदासको मन जबसम्म तपाईं–हामीजस्तो घुमिरह्यो तबसम्म उनी बुद्धू बनिरहे । तर जब उनकी पत्नीले धम्काइन्, उनलाई पढ्न भनिन् र पढ्नको लागि मन एकाग्र गर्नुपर्छ भनिन् । कालिदासले भने, म पढ्छु । पढाइमा जब उनले मन लगाए तब कालिदास विद्वान् बने। तपाईं र हाम्रो विचारको शक्ति बेसिलसिला घुमिरहन्छ, पढाइमा मन लाग्दैन, यस्तै तानाबाना बुनिरहन्छ, जसको कुनै ठेकान हुँदैन । यदि हामीले आफ्नो विचारलाई निगृहीत गर्‍यौं भने यो शक्तिको कुनै साँधी हुँदैन।

# उत्पादन अभिवृद्धि : अभीष्ट र अलमल

**समयान्तर**




ओमप्रकाश खनाल
omkhanal@gmail.com


आयातमा आधारित राजस्वबाट साधारण खर्च धान्न पनि हम्मेहम्मे हुन्छ। हाम्रो अर्थतन्त्र ऋणमा आश्रित हुँदै गएको छ। अहिले आम्दानीको स्रोतमा आयात र उपभोगमा उठेको राजस्वको अंशकै वर्चस्व छ। त्यो पनि रोजगारका लागि विदेश गएको जनशक्तिले पठाएको पैसाले भित्र्याएको मालसामानमा कर उठाएर चलेको खर्चको स्थायित्व कमजोर हुँदै गएको छ। उत्पादन अभिवृद्धि र आयात प्रतिस्थापनका कुरा जति गरे पनि आन्तरिक उत्पादन र आय आर्जनको अवसर बिस्तारै सङ्कुचित हुन थालेको भान हुन्छ । लगानी आकर्षण र उद्योगीकरण कागजी नीतिमा पनि होइन, नेताको भाषणमा खुम्चिएको छ ।

विकास खर्च जति ऋण र अनुदानको भरमा चलेको छ। विगतका दिनमा केही हदसम्म वैदेशिक सहयोगको अंश बढी थियो। केही वर्षयता वैदेशिक सहयोगमा अनुदानको अंश सीमित हुँदै गएको छ। ऋणको हिस्सा बढिरहेको छ । यस्तो ऋणको अनुपात कुल गार्हस्थ्य उत्पादनको तुलनामा ३० प्रतिशतमाथि उकालो लागिसकेको छ । अबका केही वर्षमा नेपाल विकासशील देशमा स्तरोन्नति हुन गइरहेकोले पनि यस्तो सहुलियतको दायरा झन सङ्कुचित हुनेछ। हुनत ऋण बढ्नु चिन्ताको विषय होइन । तर त्यस्तो ऋणको सदुपयोग हुन नसक्नु चाहिं गम्भीर चिन्ताको कुरा हो । हामीकहाँ वैदेशिक सहायता र ऋणमा समेत भ्रष्टाचार मौलाएको छ । ऋणमा भ्रष्टाचार गर्न नछोड्ने राज्य संयन्त्रका सञ्चालहरूबाट कस्तो विकास, समृद्धि र सुशासनको अपेक्षा गर्न सकिएला ?

एकातिर विकासशील देशको सूचीमा उभिनुपर्ने छ, अर्कातिर सरकारले अनुदान घटेकोमा चिन्ता जाहेर गरिराखेको छ। आन्तरिक पूँजी निर्माण हुन सकेको छैन। आयको मुख्य स्रोत विप्रेषणको आप्रवाह घटेको छ । त्यसमा पनि ९० प्रतिशत हिस्सा उपाभोगमा सकिन्छ।

अहिलेको कोरोना महामारीको कहरबाट आर्थिक र सामाजिक दैनिकी अस्तव्यस्त र अन्योलमा छ । आयात बढेको छ। शोधनान्तर स्थिति घाटामा छ। विदेशी विनिमयको सञ्चिति दबाबमा परेको छ। अर्थतन्त्रका समग्र सूचकहरू सकारात्मक देखिएका छैनन् । वित्तीय प्रणालीमा सङ्कट देखिएको छ। सरकार यो अवस्थाबाट पार पाउन आयातमा नियन्त्रणको उपायमा ओर्लिएको छ । यस्तोमा उत्पादन र आय बढाउने उपायभन्दा आयात र उपभोगमा नियन्त्रण सरकारका लागि सहज काम हुन सक्दछ । तर, यसले अर्थतन्त्रको दीर्घकालीन स्वास्थ्यमा हानि पुग्दछ । आयात नियन्त्रणको पहिलो असर त सरकारको राजस्वमा नै देखिन्छ । उत्पादनको अंश अति सानो छ । उत्पादनले आपूर्ति धान्न सक्दैन, त्यसमा पनि अधिकांश वस्तु त आयातकै भरमा छन् । आयातमा आधारित आपूर्तिमा आयात नियन्त्रणले बजारमा अवाञ्छित चलखेल, अनपेक्षित मूल्यवृद्धि, कालोबजारीजस्ता समस्या देखिन्छन्।

उत्पादन अभिवृद्धिमार्फत आयात प्रतिस्थापन गर्न सकिएको भए त्यो उत्तम उपाय हुने थियो । तर, यो कसैले चाहनेबित्तिकै हुने कुरा पनि होइन। यसका लागि ठूलो परिमाणमा लगानी चाहिन्छ। सरकार त्यसका लागि सक्षम छैन, उद्यम र व्यापार सरकारको विषय पनि होइन। उत्पादन बढाउन निजी लगानी चाहिन्छ। स्वदेशको निजी क्षेत्रको लगानीमात्रै पर्याप्त नभएको सत्य हो। सरकारले बाहिरको लगानीमा जोड दिएको छ। पटकपटक लगानी सम्मेलन गरे पनि प्रतिबद्धता खर्बमा आउँदा लगानी अर्बमा पनि भित्रिन कठिन देखिएको छ।

देश सङ्घीय संरचनामा गएपछि उद्योग र व्यापारका कानूनमा पनि विरोधाभास देखिएको छ। अहिलेसम्म उद्योग व्यापारको लगानी सङ्घीय कानूनबाट निर्दिष्ट छ। प्रदेश र स्थानीय सरकारहरू पनि कानून बनाएर कार्यान्वयनको अभ्यासमा छन् । तहगत सरकारबीच अधिकारको तानातान चल्दा यसबाट लगानीकर्तामा अन्योल उत्पन्न भइराखेको छ । अर्को, लगानी कुन र कस्तो क्षेत्रमा ल्याउने भन्ने कुरा पनि स्पष्ट छैन। हामीलाई कुन क्षेत्रमा चाहिने हो र सम्भाव्यता के हो ? यसमा स्पष्ट नभएसम्म उत्पादनमा बाहिरको लगानी आकर्षित हुन सहज त के असम्भव नै हुन्छ।

**खुला र प्रतिस्पर्धी बजारमा मूल्य र गुणस्तर प्रतिस्पर्धाको आधार हुनुपर्दछ। यसका लागि बरु प्रविधि, पूँजी, श्रम, ऊर्जालगायत पक्षमा सहुलियत दिनुपर्छ। भन्सारमा राजस्वको छिर्के हालेर स्वस्थ औद्योगिक वातारण र बलियो जनहितमुखी अर्थतन्त्रको कल्पना गर्न सकिन्न।**

उद्योग र पर्यावरण एक अर्काको विरोधी मानिन्छ। हामी उद्योगीकरणको शुरूआत चरणमैं रहेकाले यसमा पनि स्पष्ट नीतिको खाँचो छ । उद्योग र पर्यावरण दुवैलाई जोगाएर लैजाने नीति चाहिन्छ। हामीकहाँ पर्यावरणको विषय कि त कर्मकाण्ड, नत्र उद्योग र स्थानीय बासिन्दाबीच द्वन्द्वको विषयमात्र बढी बनेको छ।

अब औद्योगिक पूर्वाधारको कुरा हेरौं, निकासीजन्य उद्योग प्रवर्द्धनका लागि विशेष आर्थिक क्षेत्र बनाइएको छ, बनाउने भनिएको छ। तर, यो सङ्ख्या देखाउने काममात्रै बढी भएको छ। तयार भएको एउटा क्षेत्रमा पनि उद्योगले रुचि देखाएका छैनन्, किन ? नेपालमा उत्पादन लागत नै यति बढी छ कि बाह्य बजारमा प्रतिस्पर्धा हुन सक्दैन । सिमरा सेजमैं गार्मेन्ट प्रोसेसिङ जोन बनाइयो। त्यसमा पनि उद्योगीले चासो नदेखाएपछि खारेज गरियो । यो सम्भव हुने कुरै थिएन। पारवहनका प्रत्येक तहमा अरूमाथि निर्भर रहेको नेपालको वैदेशिक व्यापार संयन्त्रले वीरगंज क्षेत्रमा उत्पादन गरेको गार्मेन्ट लक्षित बजारमा पुर्‍याउन कम्तीमा ३ महीना लाग्दछ। ३ महीनामा त ग्राहकको रुचि र आवश्यकता नै फेरिएको हुन्छ। यस्ता क्षेत्र सडक, रेल र जलमार्ग होइन, हवाई मार्गबाट जोडिएका क्षेत्रमा ल्याउनु पर्दछ । सरकारले बनाएका र बनाउने भनिएका औद्योगिक क्षेत्र यस्ता ठाउँमा छन् कि जहाँ लगानीकर्ताको रुचि नै छैन।

लगानी भित्र्याउन त दीर्घकालीन नीति चाहिन्छ। आज नियन्त्रण, भोलि खुकुलो र पर्सी फेरि नियन्त्रणजस्तो तरल नीतिमा उद्योगीकरण सम्भव हुँदैन। ३ देखि ६ महीनाको व्यापार चक्रमा पूरा हुने आयातका लागि त हाम्रो व्यापार नीति धराप मानिन्छ भने दीर्घकालीन उद्योगीकरणका लागि त यो नीति र नियतबाट सम्भव हुँदैन । उद्योगी र व्यापारीका स्वार्थ समूहको प्रभावमा नीति परिवर्तन हुने हाम्रोजस्तो देशमा दीर्घकालीन लगानीको आधार बन्नेमा कम्तीमा अहिले नै आशावादी बन्न सकिन्न।

अहिले भर्खरैको एउटा नीति हेरौं, सरकारले फलाममा आत्मनिर्भर हुने भन्दै बिलेट र स्पन्ज आइरनमा गरेको राजस्व हेरफेर कसको हितमा छ ? अवश्य पनि नेपालका कबाड गलाउने भट्टी चलाउने सीमित उद्योगलाई पोस्न यो नीति ल्याइएको बुझ्न टाउको दुखाइरहनुपर्ने खाँचो पर्दैन। जनताले सस्तोमा निर्माण सामग्री पाओस् भन्ने हो भने त भन्सारमा लगाइएको ३० प्रतिशत महसूलको छेको हटाए हुन्छ। क्लिंकरको मूल्यलाई आधार मान्ने हो भने ५० प्रतिशत कर राखिएको छ। भन्सारमा ३० देखि ५० प्रतिशतको पर्खाल खडा गरेर स्वदेशमा मौलाएका उद्योगलाई आत्मनिर्भर भन्ने कि उपभोक्तमाथि चरम शोषणको उपक्रम ? उद्योगीकरणमा यस्ता विरोधाभासहरूको निरूपण जरूरी छ। खुला र प्रतिस्पर्धी बजारमा मूल्य र गुणस्तरलाई प्रतिस्पर्धाको आधार बनाइनुपर्दछ। यसका लागि बरु प्रविधि, पूँजी, श्रम, ऊर्जालगायत पक्षमा सहुलियत दिनुपर्दछ। भन्सारमा राजस्वको छिर्के हालेर स्वस्थ औद्योगिक वातारण र त्यसका आधारमा बलियो जनहितमुखी अर्थतन्त्रको कल्पना गर्न सकिन्न ।

# सातौं राष्ट्रिय योग दिवस मनाइँदै

काठमाडौं, १ माघ/रासस

'सर्वाङ्गीण विकासका लागि योग' भन्ने नाराका साथ सातौं राष्ट्रिय योग दिवस देशभर भर्चुअल माध्यमबाट विभिन्न कार्यक्रम गरी मनाइँदै छ।

नयाँ भेरिएन्टसहितको कोरोना सङ्क्रमण बढ्न थालेपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दिवस भर्चुअल माध्यमबाट गर्न निर्देशन गरेको छ । योगको नियमित अभ्यास गर्नेमा रोग प्रतिरोधी क्षमता वृद्धि हुने भएकाले कोरोनाबाट बच्नसमेत सहयोग पुग्ने विश्वास गरिएको छ। मन्त्रिपरिषद्को विसं २०७२ साउन २८ गतेको बैठकले माघ १ गते राष्ट्रिय योग दिवस मनाउने औपचारिक निर्णय गर्दै यसको संयोजन गर्ने जिम्मेवारी शिक्षा मन्त्रालयलाई सुम्पेको थियो । तत्कालीन शान्ति तथा पुन:निर्माणमन्त्री नरहरि आचार्यको प्रस्तावमा मन्त्रिपरिषद्ले माघ १ गतेलाई राष्ट्रिय योग दिवस घोषणा गरेको हो। यस अघि विसं २०३६ देखि उत्तरायण शुरू हुने दिन पारेर नेपालमा डा हरिप्रसाद पोखरेलको सक्रियतामा योगको क्षेत्रमा काम गरेका संस्थाको सहभागितामा विश्व योग दिवस मनाउन थालिएको थियो ।

वैदिक कालमा हिमालयको काखमा ऋषिमुनिले अध्ययन अनुसन्धान गरी प्रतिपादन गरेको योग नेपालमैं लुप्तप्राय: बनेको थियो। यही क्षेत्रबाट पुनर्जागरण नेपालका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले पहिलो समर्थन गरेपछि युरोपियन युनियनलगायत संयुक्त राष्ट्र सङ्घका स्थायी सदस्य राष्ट्रले समर्थन गरेका थिए । सङ्घले घोषणा गरेका दिवसमध्ये ९० दिनमा १७७ देशले यो



तस्वीर: रासस

गर्न दिवस घोषणा गरी जनचेतना जगाउने काम शुरू भएको हो । प्राचीनकालमा योग, ध्यान र आयुर्वेदका माध्यमबाट मानसिक शान्ति एवं स्थिरता र आरोग्यता प्राप्ति हुन्थ्यो। आधुनिक युगको प्रभावमा यसलाई चटक्क बिर्सेका नेपाली युरोप र अमेरिकामा उपचार र सुख शान्तिका लागि बढी प्रयोगमा आउन थालेपछि योगतिर आकर्षित हुन थालेका हुन् ।

**जून २१ मा अन्तर्राष्ट्रिय योग दिवस**

भारतीय प्रधानमन्त्री नरेन्द्रदामोदरदास मोदीले संयुक्त राष्ट्र सङ्घको ६९ औं महासभामा योग सबैका लागि सधैंका लागि आवश्यक भएकाले अन्तर्राष्ट्रिय योग दिवसको घोषणा गर्न प्रस्ताव गरेका थिए । सो प्रस्तावमा दिवसप्रति समर्थन जनाए। सन् २०१६ देखि २१ जूनमा अन्तर्राष्ट्रिय योग दिवस विश्वभर मनाइएको थियो। माघ १ गते मनाउने गरिएको विश्व योग दिवस २१ जूनमा मनाइएपछि नेपालका अभियानकर्मीहरूले माघ १ लाई राष्ट्रिय योग दिवस घोषणा गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा प्रस्ताव गरेका थिए। "योगको शुरूआत शिव र पार्वतीको संवादबाट शुरू भएको मानिन्छ, शिव पार्वतीको वास नेपालकै हिमालय क्षेत्रमा थियो, नेपाल माहात्म्यको हिमवत्खण्डमा यसको चर्चा छ"–योग दिवसका अभियानकर्मी डा पोखरेलले भने ।

आयुर्वेदलाई योगसँग जोड्न वि सं

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# बेइजिङ शीतकालीन ओलम्पिक अघि अमेरिकाले चीनमा हुने सबै उडानमा प्रतिबन्ध लगाउने

वाशिंगटन, अमेरिको, १ माघ/एएनआई

बेइजिङले सन् २०२२ को शीतकालीन ओलम्पिक अगाडि कोरोना चिनियाँ उड्डयन नियमहरूको कारण निलम्बित हुने सम्भावना छ, सिएनएनले जनाएको छ।



तस्वीरः सिन्ह्वा

गर्दा कोरोना परीक्षण पोजेटिभ देखिएमा उडान दुई हप्ताको लागि स्वचालितरूपमा निलम्बित हुन्छ। यदि १० वा बढी यात्रुमा भाइरस सङ्क्रमण देखाउँदै अन्य प्रतिबन्धात्मक प्रयास गरेकोले अमेरिकाले जनवरी १९ देखि चीनका लागि हुने सबै व्यावसायिक उडानमा प्रतिबन्ध लगाउने जनाएको छ।

अर्को हप्तादेखि, २०२२ बेइजिङ शीतकालीन ओलम्पिक अघि बेइजिङका लागि कुनै पनि व्यावसायिक उडान नहुने सम्भावना छ, सिएनएनले बताएको छ।

जनवरी १९ मा शुरू भएको र कम्तिमा दुई हप्ता जारी रहने, संयुक्त राज्य अमेरिकाबाट चीनका लागि हुने सबै उडानहरू कि रद्द गरिएका छन् वा शुक्रबारसम्म केवल दुई उडान अझै पनि त्यो अवधिको लागि सञ्चालन गर्न योग्य देखिन्छन्। तीमध्ये एक युनाइटेड एयरलाइन्स (UAL) सँग हुनेछ।

बेइजिङ शीतकालीन खेलहरू फेब्रुअरी ४ मा शुरू हुनेछ र सहभागीहरूले प्रायः ओलम्पिकमा सहभागिताका लागि विशेष उडानहरू लिइरहेका छन्।

जूनदेखि चीनको नागरिक उड्डयन प्रशासनले अन्तर्राष्ट्रिय उडानहरूमा तथाकथित 'सर्किट ब्रेकर' नियम लागू गरेको छ। त्यस नियमको अर्थ हो यदि पाँच वा बढी यात्रुले चीनमा अवतरण पोजेटिभ देखिएमा निलम्बन अवधि बढ्छ।

चीनले आफ्नो 'सर्किट-ब्रेकर' नियमहरूलाई 'महामारीको सीमापार फैलावटको जोखिम कम गर्न महत्त्वपूर्ण कदम' भनेर बचाउ गरेको छ।

"खुला र निष्पक्ष उपायहरू चिनियाँ र विदेशी एयरलाइन्स दुवैमा समान रूपमा लागू हुन्छ"–विदेश मन्त्रालयका प्रवक्ता हुआ चुनयिङले अगस्तमा भनेका थिए।

डिसेम्बर २४ देखि जनवरी १२ सम्म चीनको लागि प्रस्थान गर्ने ९,३५६ अन्तर्राष्ट्रिय उडानमध्ये एकतिहाईभन्दा बढी रद्द गरिएका छन्। रासस

# युक्रेनबारे ह्वाइट हाउसको टिप्पणी सूचना दबाब –रूस

मस्को, रूस, १ माघ/एएनआई/ स्पुतनिक

रूसी दूतावासले युक्रेनमा आक्रमणको लागि मस्कोको कथित तयारीबारे ह्वाइट हाउसको हालैको टिप्पणीलाई सूचना दबाबको रूपमा वर्णन गरेको छ।

"यस्ता कथनहरूले हाम्रो देशमा निरन्तर सूचना दबाब भइरहेको पुष्टि गर्दछ। यसबाहेक उही परिदृश्य दोहोऱ्याइएको छः त्यहाँ एउटा सनसनीपूर्ण टिप्पणी छ, पछि त्यो मिडियाले धेरैपटक दोहोऱ्याएपछि मुख्य समाचारमा परिणत हुन्छ"– रूसी कूटनीतिज्ञले उल्लेख गरेका छन्। "हाम्रो पक्षको लागि हामी हाम्रा सहकर्मीहरूलाई त्यस्ता साहसिक कार्यविरुद्ध चेतावनी दिन चाहन्छौं। फेरि हामी घोषणा गर्छौंः संयुक्त राज्य अमेरिकामा (आधिकारिक स्तर र




मिडिया दुवैमा) हामी विरुद्ध जारी निरन्तर आरोपहरू निराधार छन् र कुनै पुष्टि हुन सक्दैन"–रूसी दूतावासले टिप्पणी गरेको छ। रासस

# कजाकिस्तानबाट १८ वटा रूसी विमानले शान्ति सैनिक फिर्ता ल्याउने

रूस, १ माघ/एएनआई /स्पुतनिक

कम्तिमा १८ विमानले शनिवार सामूहिक सुरक्षा सन्धि सङ्गठन (CSTO) मिशनका रूसी शान्ति सैनिक र सैन्य सवारी साधनहरू रूसको मस्को क्षेत्र र इभानु क्षेत्रमा पठाउने रूसी रक्षा मन्त्रालयले जनाएको छ।

"आज, १५ Il–७६ र तीन एन–१२४ रूसी सैन्य यातायात विमानहरूले इभानोभो र मस्को क्षेत्रका एयरफिल्डहरूमा CSTO सामूहिक शान्ति सेनाका कार्यहरू पूरा गर्ने एयरबोर्न एकाइका कर्मचारी र सवारी साधनहरू पठाउने छन्"–मन्त्रालयले जनाएको छ।


तस्वीरः एएनआई

त्यसपछि एकाइहरू उनीहरूको स्थायी तैनाथी ठाउँमा रहनेछन्। रासस

# टोकियोमा प्रवेश परीक्षाका क्रममा चक्कु प्रहारबाट तीनजना घाइते

जापान, १ माघ/एएनआई/स्पुतनिक

जापानको टोकियो विश्वविद्यालयको प्रवेश परीक्षाका क्रममा चक्कु प्रहारबाट तीनजना घाइते भएको, राष्ट्रिय मिडियाले शनिवार जनाएको छ।

जापानी प्रसारक एनएचकेका अनुसार स्थानीय प्रहरीलाई उद्धृत गर्दै एक १७ वर्षीय युवकलाई हत्या प्रयासको आशङ्कामा पक्राउ गरिएको छ। पीडितहरूलाई पछाडिको भागमा चोट लागेको र अस्पताल लगिएको बताइएको छ।

तीमध्ये दुईजना उच्च माध्यमिक विद्यालयका विद्यार्थी थिए जो त्यस दिन प्रवेश परीक्षा दिन आएका थिए भने अर्का पीडित ७० वर्षीय पुरुष थिए।

उक्त घटनाबारे छानबीन भइरहेको बताइएको छ। रासस

# भोलिदेखि कोरोनाविरुद्ध बुस्टर मात्राको खोप दिइने

काठमाडौं, १ माघ/रासस

सरकारले भोलिदेखि कोरोना भाइरसविरुद्ध 'बुस्टर' मात्रा खोप दिने दिइने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

'बुस्टर' डोजका लागि मन्त्रालयले


तस्वीरः रासस

भएको छ।

अग्रपङ्क्तिमा काम गर्ने व्यक्तिलाई माघ २ गतेदेखि र ६० वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिक र खोपको पूर्ण मात्रा लगाएको ६ महिना पूरा भएका व्यक्तिलाई माघ १४ गतेदेखि 'बुस्टर' मात्राको खोप प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र ७७ वटै स्वास्थ्य कार्यालयलाई निर्देशन दिइसकेको छ। 'बुस्टर' डोज कोरोना भाइरसविरुद्ध पूर्ण मात्रा खोप लगाएको छ महीना पूरा भएका व्यक्ति, अग्रपङ्क्ति र ६० वर्षभन्दा माथिका तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका सबैलाई दिइने मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिए।


रोग प्रतिरोधात्मक क्षमता कम भएका बिरामीमा सक्रिय क्यान्सर रोगी, अङ्ग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारका क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषधि सेवन गरेका बिरामी पर्दछन्।

कोरोना भाइरस सङ्क्रमण बढेसँगै सरकारले 'बुस्टर' डोज दिन थालेको हो। हिजो पुस ३० गते पाँच हजार ८७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको थियो। 'बुस्टर' डोजमा पहिले जुन खोप लगाएको हो सोही खोप लगाउनुपर्ने हुन्छ। कोभिड–१९ खोप सल्लाहकार समितिले 'बुस्टर' डोज खोप लगाउन सरकारलाई सुझाव दिइसकेको छ।

# सुनसान बन्यो देवघाट

चितवन, १ माघ/रासस

विगतका वर्षहरूमा भक्तजनको भीडभाड हुने पवित्र तीर्थस्थल देवघाट


तस्वीरः रासस

धाम यस वर्ष सुनसान छ। कोभिडका कारण स्थानीय प्रशासनले देवघाट प्रवेश गर्ने नाका शिल गरेपछि देवघाट क्षेत्र सुनसान भएको हो।

स्थानीय प्रशासनले शुक्रवार दिउँसो २ बजेदेखि देवघाट प्रवेश गर्ने नाका आँपटारी, रामनगर, ठिकुरा र दासढुङ्गा प्रवेशमा रोक लगाएको छ। देवघाट क्षेत्र विकास समितिका पूर्वअध्यक्ष स्थानीय शिव पौडेलले देवघाट क्षेत्र सुनसान रहेको बताए। कल्पवासी र स्थानीयबाहेक अन्य नदीमा स्नान गर्न गएका छैनन्। पौडेलले अहिलेसम्मकै सबैभन्दा सुनसान भएको बताए। गत वर्ष कोभिड भए पनि केहीले स्नान गर्न पाएको भन्दै उनले यस वर्ष प्रशासनले देवघाट क्षेत्र शिल गरेकोमा आपत्ति व्यक्त गरे। उनले भने– "सामाजिक दूरी कायम गरेर स्नान गर्न दिनुपर्थ्यो।"

बाहिरी जिल्लाबाट आएका भक्तजन रोकिएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय, चितवनका प्रमुख प्रहरी निरीक्षक भगवानराज थापाले केही भक्तजन रोकिनुपरेको बताए। प्रमुख जिल्ला अधिकारी आसमान तामाङले कोभिडका कारणले देवघाट मेला रोक्न बाध्य भएको बताए। उनले भने–"रोग फैलिन नदिन देवघाट छिर्न रोक लगाइएको हो।"

स्थानीय प्रशासनले बिहानदेखि हिंड्न दिएपछि भने केही भक्तजन सो क्षेत्रमा पुगेका छन्। यद्यपि विगत वर्षको तुलनामा भक्तजन निकै न्यून देखिएका छन्।

देवघाट मेला भर्न झन्डै पाँच लाख भक्तजन आउने अपेक्षा गरिएको थियो। मेलाको औपचारिकरूपमा शुक्रवार बिहान बेनीमा लिङ्गो गाडेर शुभारम्भ गरिएको थियो। गएका वर्षहरूमा भक्तजनको ठूलो सङ्ख्या हुँदा व्यवस्थापनमा निकै कठिन हुने गरेको थियो।

सङ्क्रान्तिको अघिल्लो रात शुक्रवार धाममा भक्तजन दीप प्रज्वलन गरी भजनकीर्तनमा सरिक हुने भएका भए पनि कोरोनाका कारण यस वर्ष ती सबै कार्यक्रम स्थगन भएको छ। शास्त्रानुसार सौरमासको हिसाबले माघे सङ्क्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई 'मकर सङ्क्रान्ति' भनिएको हो।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | बेचैनी | वृष | धनलाभ |
| मिथुन | कर्मप्राप्ति | कर्कट | राज्यलाभ |
| सिंह | रोगभय | कन्या | व्यापारवृद्धि |
| तुला | शत्रुपराजय | वृश्चिक | सुसमाचार |
| धनु | भयचिन्ता | मकर | मित्रमिलन |
| कुम्भ | अतिथिआगमन | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## सातौं राष्ट्रिय योग दिवस.....

२०४८ चैत १५ गतेदेखि नरदेवी आयुर्वेद अस्पतालमा योग अभ्यास शुरू गरिएको थियो। वि सं २०५८ देखि क्षेत्रीय आयुर्वेद चिकित्सालय बिजौरी दाङमा पनि योगको अभ्यासबाट स्वास्थ्य लाभ गराउन शुरू गरिएको छ।

योग वैदिक चिकित्सा पद्धति भएकोले अथर्ववेदमा 'योगश्चित्तवृत्ति निरोधः' अर्थात् मनमा आउने विभिन्न विषयलाई रोक्ने अभ्यास गर्नु नै योग हो भनिएको छ। ईसापूर्व १६०० मा रचना गरिएको आयुर्वेदिक ग्रन्थ चरकसंहितामा मनलाई जित्ने सत्वावजय चिकित्सा पद्धतिको विकास हिमालय क्षेत्रको वनमा ऋषिमुनिले योग, ध्यान साधना र तपस्याद्वारा गरेको उल्लेख छ।

योग दिवस मनाउन थालेपछि नेपालमा योग र आयुर्वेदको क्षेत्र विकसित हुने यस क्षेत्रमा लागेका स्नातकोत्तर योग विज्ञान एसोसिएशन नेपालका अध्यक्ष क्षितिज बराकोटीको विश्वास छ।

नेपालमा योग र प्राकृतिक चिकित्साको औपचारिक अध्ययन अध्यापन नेपाल संस्कृत विश्वविद्यालयको वाल्मीकि विद्यापीठमा हुँदै आएको छ। प्रवेशिका गरेकालाई छ महीनाको योग र प्राकृतिक चिकित्साको तालीम दिने गरिएको हो। जुनसुकै विषयमा स्नातक गरेकालाई प्राच्य स्वास्थ्य शिक्षामा दुई वर्षे स्नातकोत्तरको पाठ्यक्रमसमेत स्वीकृत भएको विद्यापीठका योग र प्राकृतिक चिकित्सा विभाग प्रमुख डा पोखरेल बताउँछन्।

यही शैक्षिक सत्रदेखि पढाइ शुरू गर्न खोजिएकोमा कोरोनाका कारण सम्भव नभएको उनले सुनाए। स्वास्थ्य विषयमा स्नातक गरेकालाई प्राथमिकता दिएपनि जुनसुकै विषयमा स्नातक पूरा गरेकाले स्नातकोत्तर कक्षामा सहभागी हुन सक्छन्।

विसं २०५१ देखि पाठ्यक्रम विकास केन्द्रले कक्षा नौ र दशमा इच्छाधीन विषयका रूपमा योग शिक्षा, प्राकृतिक चिकित्सा र आयुर्वेद राखेपनि यस विषयमा स्नातक गरेका जनशक्ति नभएपछि शुरू हुन सकेको छैन।

मानवभित्र भएका सम्पूर्ण सम्भावनालाई उजागर वा प्रकटीकरण गर्न सक्ने ज्ञान विज्ञानलाई योग भनिन्छ। प्रारम्भिककालमा योग सबैका लागि सधैंका लागि भएकोमा मध्यकालमा दाह्री, कपाल पालेका वैरागी एवं साधु–सन्तका लागि मात्र योग भन्ने अर्थमा बुझिन्थ्यो। अहिले स्वास्थ्यसँग जोडिएर योग आएको छ।

"जुन मान्छे जहाँ छ, त्यसबाट व्यवस्थितरूपमा अघि बढ्ने माध्यम योग हो, यसले कार्यक्षमता वृद्धि गर्छ, यसलाई पश्चिमी देशले जीवन व्यवस्थापन शास्त्र भन्न थालेका छन्"–डा पोखरेलले भने। योगभित्र मनोविज्ञान, परामनोविज्ञान र भावातीत मनोविज्ञान भएको उनले बताए। अमेरिकाका क्याम्पसमा परामनोविज्ञान र भावातीत मनोविज्ञानको अध्ययन अध्यापन शुरू भएको छ। योग र ध्यान साधनाका लागि उत्तरायण महत्त्वपूर्ण मानिने भएकाले उत्तरायण शुरू हुने पहिलो दिन मकर सङ्क्रान्ति अर्थात् माघ १ गतेलाई सरकारले राष्ट्रिय योग दिवस घोषणा गरेको हो।

सानो परिवार सुखी परिवार

वीरगंज महानगरपालिका

# काङ्ग्रेसले जातपातको राजनीति गर्दैन –मन्सुर

प्रस, सिम्रौनगढ, १ माघ/

नेपाली काङ्ग्रेसका केन्द्रीय सहमहामन्त्री फरमुल्लाह मन्सुरले नेपाली काङ्ग्रेस पार्टी मात्रले जातपातको राजनीति नगरेको इतिहास भएको बताएका छन्।


तस्वीरः सौजन्य
तस्वीरः रामेश्वर मेहता

नेपाली काङ्ग्रेस सम्पर्क कार्यालयको सिम्रौनगढमा उद्घाटन गर्दै उनले राजनीतिक विचारधाराबाट चल्न नसकेपछि केही पार्टीहरूले जातपातको कुरा उठाएको तर काङ्ग्रेसले स्थापना कालदेखि अहिलेसम्म त्यस्तो कार्य नगरेको बताए । उनले सिम्रौनगढ स्वतन्त्रता सेनानीहरूको कर्मभूमि भएको र स्वतन्त्रताको हत्यारा रिपुमर्दन कप्तानलाई सिम्रौनगढबाट समातेर झरोखर पोखरीमा मारेको बताए ।

प्रदेश २ सभाका उपसभापति चन्द्रशेखरप्रसाद यादवले नेपाली काङ्ग्रेस एक नम्बर पार्टी भएको दाबी गरे । उनले अन्य पार्टीले प्रजातन्त्रको नाउँमा नौटङ्की मात्र गरेको बताए ।

सिम्रौनगढ नपा–२ सभापति सिकेन्द्र यादवको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य रामअयोध्याप्रसाद यादव, नेपाली काङ्ग्रेस बाराका सभापति जयचन्द चौरसिया, क्षेत्रीय सभापति विजयशङ्कर यादव, महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्रप्रसाद यादव, नेका प्रदेश सदस्य उपेन्द्र जयसवाल, शम्भुप्रसाद बुढाथोकी, प्रभात चौरसिया, प्रदेशसभा सदस्य मोहन कुशवाहा, रामनरेश कान्तलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा बुद्धराम मुखियाले स्वागत र पत्रकार सिकेन्द्र यादवले सहजीकरण गरेका थिए ।

# रिलिफद्वारा दलित मुसहरलाई कम्बल वितरण

प्रस, सेढवा, १ माघ/

जीराभवानी गाउँपालिका–५ हरैयाका दलित, मुसहर समुदायलाई रिलिफ सोसाइटी अफ कमर्सको सहयोगमा कम्बल वितरण गरिएको छ।

रिलिफको सहयोगमा सामाजिक अभियन्ता प्रकाश थारूले ५० घर मुसहर परिवार र वडा नं. १ पिपर टोलका ५ जना एकल महिला, अपाङ्गलाई कम्बल वितरण गरेका थिए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

चिसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफूपनि बचौंर अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# निश्शुल्क आँखा शिविर

प्रस, सेढवा, १ माघ/

सखुवापरसौनी गाउँपालिका–२ स्थित दीपनारायण आदर्श नमूना माध्यमिक विद्यालय औराहा पचगाँवामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

किरण आँखा अस्पतालको प्राविधिक सहयोग र उपाध्यक्ष फूलमतिदेवी चौधरी तथा विद्यालयका प्रअ शिवनाथचौधरी थारूको सहयोगमा निश्शुल्क आँखा शिविर तथा स्वास्थ्य बीमा कार्यक्रम सम्पन्न भएको हो। शिविरमा ६७ जना पुरुष ५७ जना महिला गरी १२४ जनाको आँखा परीक्षण गरिएको र ८५ जनामा मोतिबिन्दु देखिएको डा सरिता सिंहले बताइन् ।

# सयजनाद्वारा रक्तदान

प्रस, वीरगंज, १ माघ/

माघी पर्वको अवसरमा पटेर्वासुगौली गाउँपालिका–४ मा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।




नव जागृत युवा क्लबको आयोजनामा भएको रक्तदान कार्यक्रममा एक महिलासहित सयजनाले रक्तदान गरेको क्लबका अध्यक्ष शिवेन्द्रकुमार चौधरीले बताए ।

गापा अध्यक्ष हरिनारायण चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न रक्तदान कार्यक्रममा कविता चौधरी, शिवेन्द्रकुमार चौधरी, सिकेन्द्र दास, महेश्वरराम थारू, हरिदेव प्रसाद दास, रामसुन्दर पञ्जियार थारू, निरञ्जन चौधरी, शशीकान्त प्रसाद, अनिल कुमार दास, देवराज चौधरीलगायतले रक्तदान गरेको रेडक्रस पर्साका सहायक राजन श्रीवास्तवले बताए।

## श्रेष्ठ र भण्डारीलाई......

शाखाका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस काउन्सिलका सदस्य लालबाबू शेख, नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य महेश दास, पूर्व शाखा अध्यक्ष शत्रुघ्न नेपालले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा उपाध्यक्ष युवराज खड्काले स्वागत र तिवारी यादवले सहजीकरण गरेका थिए ।

# खेलकूदको संसार

## नेशनल इन्फोटेक इन्टर कलेज क्रिकेट प्रतियोगिताको उपाधि सत्यम्लाई

प्रस, वीरगंज, १ माघ/

नेशनल इन्फोटेक इन्टर कलेज टुर्नामेन्ट २०७८ को उपाधि सत्यम् कलेजले हात पारेको छ । शनिवार भएको रोमान्चकारी फाइनल खेलमा सत्यम् कलेजले आयोजक कलेज नेशनल इन्फोटेकलाई ७ विकेटले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो ।



तस्वीरः प्रतीक

टस जितेको सत्यम्ले बलिङ रोजेको थियो ।

ब्याटिङ गरेको इन्फोटेकले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १२६ रन बनाएको थियो । प्रतिउत्तरमा सत्यम् कलेजले निर्धारित २० ओभरमा ४ बल बाँकी रहँदा तीन विकेटको क्षतिमा विजय हासिल गरेका थिए । इन्फोटेकका अबु बकरले एक्लै ३ विकेट लिएका थिए ।

प्रतियोगिताको म्यान अफ द म्याच सत्यम्का सलमान आलम घोषित भए ।

यसैगरी नेशनल इन्फोटेकका सोनु कुशवाहा उत्कृष्ट बलर, सत्यम् कलेजका सलमान अलि उत्कृष्ट ब्याट्सम्यान, इन्फोटेकका राहुल चौरसिया उत्कृष्ट विकेटकीपर घोषित भएका थिए ।

ग्लोबल कलेजका इमरान शेख म्यान अफ दि सिरिज घोषित भए । विजयी टीमलाई क्रिकेटका पूर्व खेलाडी पवन अग्रवाल, नेपाल क्रिकेट सङ्घ, पर्साका अध्यक्ष दाउद अन्सारीलगायतले शिल्ड, मेडल, प्रमाणपत्र वितरण गरेका थिए ।

नेशनल इन्फोटेक कलेजका प्रबन्ध निर्देशक मनीष सिंहले खेलप्रति विद्यार्थीहरूको रुचि बढोस् भनेर प्रतियोगिता आयोजना गरेको बताए । प्रतियोगितामा वीरगंजका १० कलेजले प्रतिस्पर्धा गरेका थिए ।

# सशस्त्र प्रहरी उपरीक्षक खड्कालाई बिदाइ सम्मान

प्रस, वीरगंज, १ माघ/

क्रियाशील युवा पत्रकार मञ्च पर्साले शनिवार सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्कालाई बिदाइ सम्मान गरेको छ । होटल मकालुको सभाकक्षमा आयोजित कार्यक्रममा उपरीक्षक खड्कालाई मञ्चले बिदाइ गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल, १३ नं गण हेडक्वाटर पर्सा, वीरगंजबाट एपिएफ कमान्ड तथा स्टाफ कलेज काठमाडौंमा सरुवा भएका सशस्त्र उपरीक्षक खड्कालाई फूलमाला पहिऱ्याउँदै प्रशंसापत्र प्रदान गरिएको थियो ।

सो अवसरमा उपरीक्षक खड्काले पर्सा जिल्लाको बसाइमा जिल्लाका आम जनता, व्यापारी, विभिन्न सङ्घ, संस्था, समाजसेवी, सञ्चारकर्मीलगायतबाट निकै सहयोग पाएको बताए । उनले पर्साको कार्यकाल आफ्नो लागि अविस्मरणीय रहने भन्दै कर्तव्य निर्वाहको क्रममा जानेर वा नजानेर कसैको चित्त दुखेको भएमा क्षमा गरिदिन आग्रह गरे । उपरीक्षक खड्काले आफू जहाँ रहे पनि यस क्षेत्रको विकासको लागि आवश्यकता अनुसार सहयोग निरन्तर रहने प्रतिबद्धता जाहेर गरेका छन् ।


तस्वीरः सौजन्य

कार्यक्रमका विशिष्ट अतिथि वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा मञ्चका सल्लाहकार सुबोधकुमार गुप्ताले शुभकामना व्यक्त गर्दै एसपी खड्काको १८ महीने कार्यकाल निकै प्रशंसायोग्य रहेको बताए । जिल्लामा रहेको नौवटा सशस्त्र प्रहरी क्याम्पलाई बढाएर १८ वटा पुऱ्याउनमा उपरीक्षक खड्काको मुख्य योगदान रहेको भन्दै गुप्ताले उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरे ।

बिदाइ कार्यक्रममा अर्का वक्ता बिपिसी क्याम्पस प्रमुख तथा संस्थाका सल्लाहकार दीपक शाक्याले उपरीक्षक खड्काको पर्सा कार्यकाल जनप्रिय रहेको बताए। मञ्चका अध्यक्ष प्रणयकुमारको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण संस्थाका सचिव वीरेन्द्र साहले र स्वागत उपाध्यक्ष आनन्द पटेलले गरेका थिए ।

# वृद्ध तथा असहाय कल्याण समाजलाई खाद्यान्न तथा सफाइ सामग्री सहयोग

प्रस, ठोरी, १ माघ/

ठोरी गाउँपालिका–४ विजयबस्तीका युवाहरूले ठोरी–१ मा रहेको वृद्ध तथा असहाय कल्याण समाजलाई खाद्यान्न तथा सफाइ सामग्री सहयोग गरेका छन्।

मकर सङ्क्रान्तिको अवसरमा स्थानीय युवा राजकुमार श्रेष्ठको अगुवाइमा ३ बोरा चामल, ५ किलो चिनी, ६ किलो आलु, ३५ प्याकेट सर्फ, तीन किलो दाल, खानेतेल, चियापत्ति, लुगाधुने साबुन, मसला, मकैलगायत खाद्य सामग्रीका साथै सफाइमा प्रयोग हुने सामग्रीहरू सहयोग गरेका थिए ।



समाजका संरक्षक आसबहादुर गुरुङले युवाहरूबाट निरन्तर सहयोग भइरहेकोमा खुशी व्यक्त गरे ।

कार्यक्रममा नरबहादुर श्रेष्ठ, प्रेम श्रेष्ठ, पतिराम श्रेष्ठ, राजु श्रेष्ठ, राजु महतो लगायतको सहभागिता थियो ।

## रौतहटको मौलापुर.....

गराइसकेको छ भने तीनवटा दलित बस्ती निर्माण गरेर देशका अन्य पालिकाको लागि पनि अनुकरणीय काम गरेको बताएका छन्। दलितहरूका लागि जमीन किनेर सुविधासम्पन्न पक्की र सुरक्षित घर निर्माण कार्य गरेर हस्तान्तरण गरिएको सम्भवतः पहिलो कार्य भएको स्थायी समिति सदस्य साहको भनाइ छ ।

मौलापुर नगरपालिकाकी मेयर रीनाकुमारी साहले तिलासङ्क्रान्तिको अवसरमा मर्यादपुरका दलितहरूका लागि दलित बस्ती उपहार दिएको बताइन्। नगरपालिकाको स्रोतबाट दलितहरूका लागि २५ वटा सुविधासम्पन्न पक्की घर निर्माण गरी हस्तान्तरण गर्नुलाई मौलापुर नगरपालिकाले गौरवको रूपमा लिएको मेयर साहको भनाइ छ ।

मूल सडकसित जोडिएको ठाउँमा दलित बस्तीका लागि नगरपालिकाले जमीन किनेर पक्की घर बनाएर शनिवार हस्तान्तरण गरेको हो। बस्तीको प्रत्येक घरमा शुद्ध खानेपानीको धारा, छतमा खानेपानीको टंकी, छतमा चढ्ने फराकिलो सिढी तथा शौचालय रहेको छ । हरेक घरसम्म पुग्ने फराकिलो पक्की सडक पनि निर्माण गरिएको छ। हरेक घरबाट पानी निकासको पनि व्यवस्था गरिएको छ ।

यसैगरी घरमा वायरिङ गरी बत्ती पनि बालिएको छ। बालबालिकाको लागि खेल्ने जमीन तथा थोरै बारी पनि प्रत्येक घरको लागि रहेको दलित बस्तीमा हरेक घरमा प्राकृतिक उज्यालो घाम र हावा जाने किसिमले घरको निर्माणमा ध्यान दिएको उपमेयर गौरीशङ्कर जयसवालले बताएका छन् ।

एक घरदेखि अर्को घरबीच पर्याप्त ठाउँ खाली रहेको र वातावरणको दृष्टिकोणले पनि उपयुक्त किसिमले घर निर्माण गरिएको दलित बस्तीले दलितहरूको आत्मसम्मान बढाएको एमालेका स्थायी समिति सदस्य प्रभु साहको भनाइ छ ।

आफूहरूले कल्पना गरेकोभन्दा धेरै राम्रो र सुविधासम्पन्न घर निर्माण गरिएको ४६ वर्षीय रामगोविन्द महराले बताएका छन् । जीवनमा आजको दिनभन्दा खुशीको क्षण कहिल्यै नआएको बताउँदै रामले अहिलेसम्म यति राम्रो दलितबस्ती कतै नदेखेको पनि स्पष्ट पारे ।

यसैगरी स्थानीय बिल्टीदेवी रामले पक्की घरमा धनिक महाजनको जस्तो सुविधा भएको बताइन्। दलित बस्तीका दलितहरूले समाजमा आफ्नो इज्जत बढेको सगर्व बताउन थालेका छन् ।

मौलापुर नगरपालिकाले गत वर्ष मौलापुर दलित बस्तीको निर्माण र हस्तान्तरण गरेको थियो भने मौलापुरकै सात डोम परिवारका लागि उनीहरूले खोजेकै ठाउँमा घर निर्माण गरिदिएको छ ।